# लुङ्ग्री गाउँपालिकाको नगर प्रहरी पदपूर्ति तथा परिचालन कार्यविधि, २०८०

(गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८० साल चैत २० गते)

**प्रस्तावनाः**

लुङ्ग्री गाउँपालिकामा नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन तथा नियमन गरी स्थानीय सार्वजनिक सम्पत्तिको सुरक्षा तथा संरक्षण गर्ने सुयोग्य साधन बनाइ सार्वजनिक सेवा प्रवाहलाई थप सुरक्षित, मर्यादित र व्यवस्थित तुल्याउन स्थानीय सरकार संचालन कार्यविधि, २०७४ को दफा ११ को उपदफा (२) क.१ ले दिएको अधिकार प्रयोग गरी लुङ्ग्री गाउँपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम “लुङ्ग्री गाउँपालिकाको नगर प्रहरीको पदपूर्ति तथा परिचालन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले पारित गरी राजपत्रमा प्रकाशन गरे पश्चात् तुरुन्त लागू हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "कार्यविधि” भन्नाले लुङ्ग्री गाउँपालिकाको नगर प्रहरीको पदपूर्ति तथा परिचालन कार्यविधि, २०८० लाई सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले लुङ्ग्री गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) “मुख्य कार्यालय” भन्नाले गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(घ) "समिति" भन्नाले लुङ्ग्री गाउँपालिकाको पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

(ङ) "नगर प्रहरी" भन्नाले लुङ्ग्री गाउँपालिकावाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

(च) "करार पद" भन्नाले म्याद तोकिएको गाउँपालिकाको सभाद्धारा स्वीकृत करार पदलाई सम्झनुपर्दछ ।

(छ) "भत्ता" भन्नाले लुङ्ग्री गाउँपालिकाले समय समयमा तोकिदिए बमोजिमको भत्तालाई सम्झनु पर्दछ ।

(ज) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गते देखि शुरु भई अषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ

(झ) "कार्यपालिका" भन्नले लुङ्ग्री गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ञ) "सभा" भन्नाले लुङ्ग्री गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ ।

(ट) "प्रमुख प्रशासाकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## नगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

३. **नगर प्रहरी सेवाको गठनः** (१) गाउँपालिकामा गाँउसभाबाट स्वीकृत संगठन संरचना बमोजिम नगर प्रहरीको संरचना रहनेछ ।

(२) नगर प्रहरी सेवाको गठन र सोमा रहने नगर प्रहरीहरुको संख्या गाउँसभाबाट स्वीकृत संगठन संरचना र दरबन्दी बमोजिम हुनेछ ।

४. **गाउँपालिकामा रहने नगर प्रहरीको पद र तहः** (१) नगर प्रहरीमा गाउँ कार्यपालिकाले तोकेको पद र तह रहने छन् ।

(२) गाउँपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउने छ र त्यस्तो कार्य विवरण सम्बन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

(३) नगर प्रहरी प्रमुख लगायत नगर प्रहरीहरुको काम, कर्तव्य, अधिकार दफा ५ बमोजिम हुनेछ ।

## परिच्छेद-३

## नगर प्रहरीको काम, कर्तव्य र अधिकार

५. **नगर प्रहरीको कार्यविवरणः** (१) देहायको कार्यमा सहयोग पुऱ्याउनको लागि गाउँपालिकाले नगर प्रहरीको परिचालन गर्न सक्नेछ :-

(क) गाउँपालिकाको नीति कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने/गराउने

(ख) गाउँपालिका र अन्तर्गतका सार्वजनिक सम्पतिको सुरक्षा र संरक्षण गर्ने ।

(ग) स्थानिय सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यावस्थापन गर्ने ।

(घ) स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यावस्थापन गर्ने ।

(ङ) नगर सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन गर्ने ।

(च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन गर्ने र गराउने ।

(छ) सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षाको प्रवन्ध गर्ने ।

(ज) विपद् व्यावस्थापन सम्बन्धि खोजी, उद्धार, राहत तथा पुनस्थापना कार्यमा खटिई आवश्यक कार्य गर्ने।

(झ) अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण गर्ने ।

(ञ) छाडा पशु चौपायको नियन्त्रण गर्ने ।

(ट) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्तिको अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने ।

(ठ) सार्वजनिक आवागमनमा बाधा पुन्याईराखेका निर्माण सामाग्री पसल व्यावसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्बन्धित व्याक्तिबाट असुल उपर गर्न पेश गर्ने ।

(ड) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल,३ नाला, चोक, पोखरी, मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्याक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । प्रतिवेदन पेश गर्ने र आदेश अनुसार भत्काउने ।

(ढ) नगर क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखीएमा नक्सापास भए नक्सापासको प्रमाण पत्र सहितको प्रतिवेदन पूर्वाधार शाखा मार्फत प्रमुख समक्ष पेश गर्ने । मापदण्ड विपरीत निर्माण भएको देखिएमा भत्काउने आदेश दिएमा भत्काउने ।

(ण) स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्य पदार्थ विक्री वितरण रोक लगाउने तोकिएको मापदण्ड विपरित सडेगलेको हानिकारक चिज वस्तु विक्री गरेको पाइएमा पहिलो पटकमा भए जफत गरी नष्ट गर्ने। पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गरी कानूनी कारवाहीको दायरामा ल्याउने।

(त) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जिवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जिवजन्तुका मासु बिक्री वितरणमा रोक लगाउने। अटेर गरेमा जफत गरी नष्ट गरी जरिवाना सहित कानूनी कारवाहीको लागि सिफारिस गर्ने ।

(थ) छाडा चौपाया नियन्त्रण सम्बन्धि कारवाही गर्ने । मरेका जीवजन्तु समयमै उचित स्थानमा गाड्ने व्यवस्था मिलाउने ।

(द) खतरा उत्पन्न हुने रुख काट्न लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

(ध) वडा समिति, टोल सुधार समिति, तथा नेपाल प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजीक विकृति हटाउने कार्य गर्ने गराउने ।

(न) ईजाजत बिना पेशा, व्यावसाय गरेको फेला परेमा पेशा व्यावसाय दर्ता/नविकरण गर्न लगाउने

(प) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने । मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।

(फ) गाउँपालिका क्षेत्र भित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृती जन्य क्रियाकलापमा रोक लगाउने ।

(ब) लुङ्ग्री गाउँपालिका निर्णय अनुसार अस्थायी प्रकृतीका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।

(भ) अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(म) शहरमा ध्वनी, धुवाँ, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

(य) एम्बुलेन्सलाई २४सै घण्टा चुस्त दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त राहत कार्यमा सहयोग पुऱ्याउने

(र) गाउँपालिकाले तोकेको भौतिक पूर्वाधार निर्माणसँग सम्बन्धित कार्यहरु एंव अन्य कार्यहरु गर्ने गराउने।

(ल) पर्यावरणय संरक्षण कार्यमा सरिक हुनुका साथै जनचेतनामूलक कार्य गर्ने ।

(व) गाउँपालिकाले सञ्चालन गर्ने आर्थिक उत्पादनका परियोजनाहरुमा आवश्यक जनशक्ति पूर्ति गर्ने र कार्य सञ्चालन गर्ने ।

(श) समाजमा हुने रक्सि जाँड, महिला हिंसा, चोरी डकैती, लागु औषध प्रयोग तथा उत्पादन रोक्न भूमिका खेल्ने

(ष) कार्यालयले तोके बमोजिम सामाजिक सेवा, सामूहिक श्रम, उद्यमशीलता आदिमा सरिक हुने ।

(ह) कार्यालय प्रमुखले तोके बमोजिमका अन्य जुनसुकै कार्यहरू गर्ने।

## परिच्छेद-४

## तह विभाजन र पदपूर्ति

**६. करार सेवाः** (१) नगर प्रहरीको लागि स्थायी पद सिर्जना गर्न पाईने छैन ।

(२) गाउँपालिकाको लागि आवश्यक नगर प्रहरी खुला प्रतिस्पर्धाको आधारमा सेवा करारमा पूर्ण वा आंशिक रुपमा पारिश्रमिक पाउने गरी भर्ना गरिनेछ ।

(३) उपदफा (२) बमोजिम नगर प्रहरीको पद सिर्जनाका लागि प्रस्ताव पेश गर्दा संख्या र पदमा रहने नगर प्रहरीका विभिन्न तहका दरवन्दीहरुको श्रृजना गाउँ सभाले स्वीकृत गरे बमोजिम हुनेछ

(४) गाउँसभामा पद श्रृजना तथा खारेजका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरबन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी सभा समक्ष पेश गर्नु पर्नेछ ।

(५) नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रतिष्पर्धाद्धारा पूर्ति गरी वा सेवा परिवर्तन गरी पूर्ण वा आंशिक वा स्वयमसेवकको रुपमा पारिश्रमिक पाउने गरी सेवा करारमा नियुक्ति हुनेछन्

(क) नगर प्रहरी हवल्दार

(ख) नगर प्रहरी जवान

७. **<u>नियुक्ति गर्ने अधिकारीः</u>** पदपूर्ति समितिको सिफारिसमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले सेवा करारमा नगर प्रहरी नियुक्ति गर्नेछ ।

८. **<u>पदपूर्ति गर्ने तरीका</u>**ः (१) नगर प्रहरी जवान पदका लागि खुला प्रतिस्प्रधाबाट सूचना आव्हान गरी पदपूर्ति गरिनेछ भने नगर प्रहरी हवल्दार पदको लागि प्रहरी जवानमध्ये ज्येष्ठता र कार्यसम्पादनको मूल्याङ्कनको आधारमा बढुवाबाट पदपूर्ति गरिनेछ ।

(२) पहिलोपटकको लागि नगर प्रहरी हबल्दारको पदपुर्ति गर्दा भूतपूर्व सैनिक, प्रहरी अथवा सुरक्षा निकायमा कम्तिमा ५ वर्ष सेवा गरेका व्यक्तिहरुवाट खुला रुपमा सूचना आव्हान गरी छनौट गरिनेछ ।

(३) नगर प्रहरी छनौट गर्दा भूतपूर्व सुरक्षाकर्मी, म्यादी प्रहरी वा विभिन्न सरकारी निकाय एवम संघ संस्थामा सुरक्षाकर्मीको रुपमा काम गरेको व्यक्तिलाई प्राथमिकतामा राखि छनौट गरिनेछ ।

१०. **<u>नगर प्रहरी पदको लागि आवश्यक योग्यता</u>** (१) नगर प्रहरी हवल्दार पदको लागि हुने खुला प्रतिष्पर्धामा निम्नलिखित योग्यता भएका व्याक्तिहरुले भाग लिन सक्नेछन् :

(क) दरखास्त पेश गर्ने अन्तिम मितिसम्म ४५ बर्ष ननाघेको ।

(ख) कक्षा १२ वा सो सरह उत्तिर्ण गरेको ।

(ग) नैतिकपतन देखिने कुनै फौजदारी अभियोग सजाय नपाएको ।

(घ) कुनै राजनितिक पार्टिको सदस्य नरहेको ।

(ङ) मानव अधिकार र मानविय कानुनको उल्लंघनमा सजाय नपाएको ।

(च) महिलाहरुको लागि न्यूनतम ५ फिट र पुरुषको लागि न्यूनतम ५ फिट २ इन्च उचाई भएको

(छ) छाती नफुलाउँदा न्यूनतम ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

(ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(झ) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र पाएको

(ञ) नेपाली नागरिकताको प्रमाणपत्र पाएको ।

११. **<u>खुल्ला प्रतिष्पर्धामा भाग लिन नगर प्रहरी जवान पदको लागि आवश्यक न्युनतम योग्यता</u>** :

(क) दरखास्त पेश गर्ने अन्तिम मितिसम्म ३० बर्ष ननाघेको तर वहालवाला नगर प्रहरी वा सेवा परिवर्तन गरी आउने कर्मचारी वा पूर्व लडाकु वा पूर्व सुरक्षकर्मी वा पूर्व म्यादी प्रहरीको हकमा ३५ वर्ष ननाघेको(ख) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट

कक्षा १० वा सो सरह उत्तिर्ण गरेको र ग) यस दफामा उल्लेख भए बाहेकका अन्य कुरा दफा १० मा तोकीए बमोजिम हुनेछ ।

**१२. <u>पदपूर्ति समिति</u>:** (१) गाउँपालिकाले गाउँपालिकाको करारमा कर्मचारी भर्नाको लागि देहाय अनुसारको पदपूर्ति समिति रहनेछ ।

(क)प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख)प्र.प्र.अ. ले तोकेको गाँउपालिकाको १ जना अधिकृत कर्मचारी - सदस्य

(ग) गाँउपालिकास्थित प्रहरी कार्यालय प्रमुख वा निजले तोकेको प्रहरी - सदस्य

(घ) प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(२) नगर प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा गाँउपालिकामा आवश्यकता अनुसार अन्य कर्मचारी तथा प्रहरी कार्यालयको प्रतिनिधिलाई समेत आमन्त्रित गर्न सकिनेछ ।

**१३. <u>पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार</u>** पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) खुल्ला प्रतिष्पर्धाद्धारा पूर्ति हुने पदको पाठ्यक्रम निर्धारण गर्ने ।

(ख) पदपूर्ति कार्यतालिका बनाउने ।

(ग) परिक्षाको किसिम तोक्ने ।

(घ) पदपूर्ति लागि विज्ञापन प्रकाशन गर्ने ।

(ङ) परिक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने ।

(च) नियुक्तिका लागि सिफारिश गर्ने ।

**१५. <u>छनौट प्रकृया:</u>** (१) पदपूर्ति समितिले तोकिएको अवधिभित्र प्राप्त आवेदनहरुको जाँचबुझ गरी दरखास्त स्वीकृति गर्नुपर्नेछ ।

(२) दरखास्त स्वीकृत भएका उमेदबारहरुको श्रवण र आँखाको जाँच सहितको स्वास्थ्य परिक्षण गर्न लगाई सोको प्रतिवेदनका आधारमा उत्तीर्ण उमेदवारहरुलाई शारीरिक तन्दुरुस्ती परीक्षणको लागि प्रहरी कार्यालयमा पठाईनेछ ।

(३) शारीरिक तन्दुरुस्ती परीक्षामा उत्तीर्ण व्यक्तिहरुलाई पुस अप, सेट अप र दौडको परीक्षामा सहभागी गराई आवश्यक पद संख्याको बढीमा तेव्बर संख्यामा उमेदवारहरु मात्र छनौट गरि अन्तिम छनौट कृयाको लागि सूचना प्रकाशन गर्नुपर्नेछ ।

(४) अन्तिम छनौट प्रकृयामा देहाय अनुसारको मापदण्ड भित्र रहि ५० पूर्णाङ्कमा मूल्याङ्कन गर्नुपर्नेछ ।

(क) प्रारम्भिक योग्यता बापत - २५ अंक

(अ) बैङ्क तथा वित्तीय संस्था तथा नेपाल सरकारका निकायहरुमा सुरक्षाकर्मी वापत अनुभव भएको प्रतिवर्ष २ अंकका दरले र म्यादी प्रहरीमा काम गरेको प्रति चुनाव २ अंकका दरले गरी अनुभव बापत बढीमा - १० अंक

(आ) तोकिएको भन्दा उपल्लो शैक्षिक योग्यता वापत - ५ अंक

(इ) लुङ्ग्री गाँउपालिकाको स्थायी बासीन्दाको हकमा - १० अंक,
जोडिएका स्थानीय तहको स्थायी बासिन्दाको हकमा - ७ अंक,
रोल्पा जिल्लाको स्थायी वासिन्दाको हकमा - ५ अंक
स्थानीय बासिन्दा वापत बढीमा - १० अंक

(ख) अन्तर्वार्ता बापत - २५ अंक

**१६. <u>योग्यताक्रम सूची तयार गर्नेः</u>** (१) प्रारम्भिक योग्यता परिक्षा र अन्तवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्ति का लागि सिफारिस पेश गर्नेछ । कुल पदको बढीमा ५० प्रतिशत सम्म योग्यताक्रमनुसार वैकल्पिक उम्मेदवार राख्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि सिफारिस गर्नेछ ।

(३) नियुक्तिको लागि सिफारिस भएको मितिले सात दिनभित्र गाउँपालिकाले नियुक्तिपत्र दिने निर्णय गरी सक्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले ६ महिनाको लागि करार सम्झौता गरि नियुक्ति पत्र दिनेछ ।

(५) वैकल्पिक उम्मेदवारहरुले एक वर्ष सम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

**१७. <u>करार नियुक्ति थप</u>** (१) सम्झौताको अवधिमा नगर प्रहरीको काम सन्तोषजनक भएमा नगर प्रहरी एक पटकमा ६ महिना नबढ्ने गरि करार अवधी थप गर्दै लगिनेछ ।

## परिच्छेद-७

## <u>बिदा</u>

**१८. <u>बिदाः</u>** (१) नगर प्रहरीले अधिकारको रुपमा बिदाको दावी गर्न पाउने छैन ।

(२) कामको अनुकुल हेरी बिदा दिने अधिकारीले बिदा दिन अथवा नदिन पनि सक्नेछ । साथै आवश्यक परेमा बिदामा बसेको नगर प्रहरीलाई निजको स्वीकृत बिदा रद्द गरी बोठेलाई काममा लगाउन सक्नेछ ।

(३) नगर प्रहरीले देहायको बमोजिमका बिदा पाउने छन्-

(क) भैपरी आउने र पर्व बिदा
(ख) बिरामी बिदा
(ग) किरिया बिदा
(घ) प्रसुती बिदा
(ङ) प्रसुति स्याहार बिदा

१९. <u>बिदा स्विकृती नलिई बिदामा बस्ने नगर प्रहरीलाई सेवाबाट हटाउने</u>: (१) यस कार्यविधि बमोजिम बिदा नलिई नगर प्रहरी गैर हाजिर हुन पाउने छैन ।

(२) दफा (१) को उल्लंघन गरी गैर हाजिर हुने नगर प्रहरीलाई गाउँपालिकाले सेवाबाट हटाउन सक्नेछ ।

तर बिदा निकास नहुँदै बिदा बसी पछि सो गैर हाजिर भएको अवधिको लागि बिदाको निवेदन गरी सो बिदा स्वीकृत भएमा यो नियम उल्लंघन गरेको मानिने छैन ।

२०. <u>भैपरी/पर्व बिदा</u> : (१) नगर प्रहरीले वर्षमा १२ दिनमा नबढाई भैपरी /पर्व बिदा पाउनेछ।

(२) भैपरी/पर्व बिदा साधारणतया एक पटकमा २ दिनमा नबढाई लिन पाइनेछ ।

(३) भैपरी/पर्व बिदा एक सालको अर्को सालमा लिन पाइने छैन ।

(४) बिदा बस्नु परेमा कुनै प्रहरी कर्मचारीले बिदाको स्वीकृति लिई रहन नभ्याएमा बिदा बसे पछि स्वीकृति गराए पनि हुन्छ ।

(५) भैपरी/पर्व बिदा बसेका नगर प्रहरीहरुले पूरा तलब पाउनेछ ।

(६) भैपरी/पर्व बिदा शनिबार बाहेक अरु बिदासँग मिलाई लिन पाइने छैन ।

२१. <u>बिरामी बिदा:</u> (१) आफ्नो पदको कर्तव्य पालना गर्दा चोटपटक लाग्न गई वा विरामी भई अस्पतालमा भर्ना भई उपचार गराउँदा सम्बन्धित चिकित्सकले कामगर्न नसक्ने भनि गरेको सिफारिस बमोजिम लाग्ने दिन वरावरको तलवी विरामी बिदा पाउनेछ ।

(२) सात दिनभन्दा बढी अवधिको बिरामी बिदा माग गर्ने नगर प्रहरीले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

तर यस्तो प्रमाणपत्र पेश गर्न साधारणतया सम्भव छैन भन्ने बिदा दिने अधिकारीलाई विश्वास भएमा निजले सो व्यहोरा खुलाई प्रमाणपत्र पेश नगरी बिदा दिन सक्नेछ ।

२२. <u>किरिया बिदा</u> : (१) नगर प्रहरी आफै किरियामा बस्नु परेमा कुल धर्म अनुसार बढीमा १५ दिन किरिया बिदा पाउनेछ । यस्तो बिदा महिला नगर प्रहरीको पतिले किरिया बस्नुपरेमा त्यस्तो महिला कर्मचारीलाई समेत दिइनेछ ।

(२) यस्तो किरिया बिदा बस्ने नगर प्रहरीले पूरा तलब पाउनेछ ।

२३. **<u>प्रसुती बिदा</u>** : (१) महिला नगर प्रहरी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ९८ दिन प्रसुती बिदा पाउनेछन ।

(२) प्रसुती बिदा बस्ने महिला नगर प्रहरीले पूरा तलब पाउनेछ ।

(३) प्रसुती बिदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ । साथै गाउँपालिकाले दिएको सुविधा उपभोग गर्न पाउनेछ ।

(४) उल्लेख भएअनुसारको बिदाको अभिलेख कर्मचारीको बिदा स्वीकृत गर्ने कार्यालयले अद्यावधिक बनाई राखु पर्नेछ ।

२४. **<u>प्रसुती स्याहार बिदा</u>** (१) प्रसुती स्याहार बिदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ साथै गाउँपालिकाले दिइएको सुविधा उपभोग गर्न पाउनेछ ।

(२) नगर प्रहरीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अघि वा पछि गरि पन्ध्र दिन प्रसुती स्याहार बिदा लिन सक्नेछ । यो बिदा सेवा अवधिमा दुई पटक सम्म पाउनेछ।

(३) प्रसुती स्याहार बिदामा बस्ने कर्मचारीले पूरा तलब र भत्ता पाउनेछ ।

(४) प्रसुती स्याहार बिदा लिने नगर प्रहरीको बिदा स्वीकृत गर्ने कार्यालयले अद्यावधिक बनाई राखु पर्नेछ ।

(५) सुत्केरी स्याहार बिदामा बस्ने कर्मचारीले जन्म दर्ता प्रमाण पत्र वा सम्बन्धित अस्पतालको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

२५. **<u>सट्टा बिदाः</u>** कुनै पनि सार्वजनिक बिदाको दिन ड्युटी गर्ने नगर प्रहरीलाई आलोपालो मिलाई नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतसँगको परामर्शमा सट्टा बिदा दिन सक्नेछ । तर यस्तो सट्टा बिदा एकपटकमा सात दिन भन्दा बढी हुने छैन ।

२६. **<u>बिदा माग गर्ने अवधि</u>** (१) बिदाको निकासाका निमित्त नगर प्रहरीले आफूलाई चाहिएको बिदाको अवधि, कारण र विदेश जानुपर्ने भए सो समेत खुलाई आफ्नो कार्यालय मार्फत बिदा दिने अधिकारी समक्ष निवेदन पेश गर्नु पर्नेछ र बिदा दिने अधिकारीले पनि बिदा स्वीकृत वा अस्वीकृत भएको सूचना सो नगर प्रहरीलाई दिनु पर्नेछ ।

(२) देहायको कुरामा बिदा दिने अधिकारीलाई चित्त बुझेमा निजले निवेदनको मिति भन्दा अधिको मितिबाट बिदा स्वीकृत गर्न सक्नेछ :-

(क) बिदा दिने अधिकारीको पूर्व स्वीकृति दिन सम्भव थिकार्यविधि भने,

(ख) पूर्व स्वीकृति प्राप्तिको लागि निवेदकले सकभर प्रयास गरेको थियो भने,

२७. **<u>बिदा दिने अधिकारी</u>** (१) नगर प्रहरीले दफा (१८) उपदफा (३) मा पाउने बिदाको बिदा स्वीकृत गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) यस्ता स्वीकृत भएका बिदाहरुको अभिलेख १५ दिन भित्र सामान्य प्रशासन तथा जनशक्ति विकास शाखामा अनिवार्य उपलब्ध गराउनु पर्नेछ ।

२८. **<u>बिदा परिणत नहुने:</u>** यस परिच्छेद बमोजिम नगर प्रहरीले जुन बिदा लिई बसेको हो सोही बिदा नै उपभोग गर्नु पर्नेछ । पहिले कुनै एक किसिमको बिदा स्वीकृत भएकोमा यस्तो बिदा पछि किरिया बिदा वा प्रसुति बिदा बाहेक अर्को किसिमको बिदामा परिणत गराउन पाइने छैन ।

२९. **<u>सार्वजनिक बिदा:</u>** गाभिने भैपरी आउने र पर्व बिदा बाहेक अरु कुनै प्रकारको बिदा लिई बसेको नगर प्रहरीले सो बिदा भुक्तान हुँदा सार्वजनिक बिदा पर्न गएमा र सार्वजनिक बिदा पछि कार्यालय हाजिर नभएमा सो सार्वजनिक बिदाको अवधि पनि निज कर्मचारीले लिएको बिदा वा सो बिदा बाँकी नभएमा लिन पाउने अरु बिदामा बसेको मानिनेछ ।

३०. **<u>कार्यालयमा अनुपस्थित हुने उपर कारबाही हुने:</u>** बिदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरीलाई गयल र तलव कट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन ।

३१. **<u>झुट्टा कारण देखाएमा सजाय हुने:</u>** कुनै नगर प्रहरीले कुनै झुट्टा कारण देखाई विरामी बिदा, किरिया बिदा र प्रसुती बिदा लिई बसेको ठहरिएमा त्यस्तो नगर प्रहरी विभागिय सजायको भागी हुनेछ ।

३२. **<u>तालिम अवधिको बिदा:</u>** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालिम अवधिभर सार्वजनिक बिदा र किरिया बिदा बाहेक साधारणतया अरु कुनै बिदा दिइनेछैन ।

## परिच्छेद-८
## <u>नगर प्रहरीको आचरण</u>

३३. **<u>दान उपहार लिन नहुने:</u>** आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्यसमेतले गाउँपालिकाको पूर्व स्वीकृत बिना स्वदेशी तथा विदेशी संघसंस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नु हुँदैन ।

३४. **चन्दा लिन नहुने** : कुनै नगर प्रहरीले गाउँपालिकाको पूर्व स्वीकृति बिना कुनै कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुँदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

३५. **सम्पत्तिको विवरण दिनुपर्ने** (१) नगर प्रहरीले नियुक्ति भएको मितिले साठी दिनभित्र प्रशासन शाखामा देहायको सम्पत्तिको विवरण तोकिएको ढाँचामा दाखिला गर्नु पर्नेछ ।

(क) आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैंक मौज्दातको विवरण ।

(ख) आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जवाहरत, सुन, चाँदीको अन्दाजी मूल्य।

(२) उपदफा (१) बमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको नगर प्रहरीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पक्तिको विवरण दाखिला गर्नुपर्नेछ ।

(३) आफ्नो सम्पत्तिमा थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिनाभित्र दिनु प्रत्येक नगर प्रहरीको कर्तव्य हुनेछ ।

३६. **व्यापार व्यावसाय गर्न नहुने** कुनै नगर प्रहरीले कार्यालयको स्वीकृति बेगर देहायका काम गर्नु हुँदैन :-

(क) कुनै व्यापार गर्न,

(ख) कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र

(ग) कुनै व्यवसाय चलाउन ।

३७. **गाउँपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुने:** नगर प्रहरीले गाउँपालिकाद्वारा अयाव विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैह्रसरकारी संघसंस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनाधिकृत नगर प्रहरीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुँदैन ।

३८. **रेडियो वा पत्रिकासँग सम्पर्क राख नहुने** नगर प्रहरीले गाउँपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथाव रेडियोद्वरा प्रसारण गर्न हुँदैन ।

३९. **गाउँपालिकाको आलोचना गर्न नहुनेः** नगर प्रहरीले कुनै कुराको आलोचना गर्दा गाउँपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी वा गाउँपालिका र गाउँपालिकाबासीमा खलल पुग्ने गरी भाषण, सम्बाद, लेख रचना गर्नु हुँदैन ।

४०. **निर्वाचनमा भाग लिन नहुने** नगर प्रहरीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुँदैन

४१. **राजनीतिमा भाग लिन नहुने** नगर प्रहरीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन ।

४२. **समय पालन र नियमितता** नगर प्रहरीले ठीक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले बिदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन ।

४३. **अनुशासन र आज्ञापालन** (१) नगर प्रहरीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ।
(२) नगर प्रहरीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफुभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्दछ ।
(३) नगर प्रहरीले आफुभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर देखाउनुपर्नेछ ।

४४. **नगर प्रहरीले बाहिरी प्रभाव पार्न नहुनेः** नगर प्रहरीले आफ्नो नोकरी सम्बन्धी कुरामा आफुभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाव पार्न अथवा प्रभाव पार्ने प्रयत्न गर्न हुँदैन ।

४५. **बहुविवाह, बालबिवाह, अनमोल बिवाह प्रतिवन्धः** नगर प्रहरीले मुलुकी कार्यविधि बिहाबारीको महलको विपरीत हुने गरी विवाह गर्नु गराउनु हुँदैन ।

## परिच्छेद-१४

## तलब तथा सेवा सुविधा

४६. **तलब भत्ता** : (१) नगर प्रहरीले नियुक्ति पाइ हाजिरी वा बढुवा भएको मितिदेखि तलब भत्ता पाउने छ ।
(२) नगर प्रहरीले पाउने तलब स्केल नेपाल सरकारले नेपाल प्रहरीको दर्जा अनुसार तोकेको सुरु तलब स्केल बमोजिम हुनेछ ।

४७. **नगर प्रहरीको पोशाक र परिचयपत्रः** नगर प्रहरीको परिचयपत्र तथा पोशाकको रंग र किसिम तथा अन्य विवरण गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

४८. **प्रारम्भिक पोशाक र सामानः** गाउँपालिकाद्वारा नगर प्रहरीलाई पोशाक र सुरक्षाका सामग्री उपलब्ध गराईनेछ ।

४९. **जाडो मौसमका लागि दिइने पोशाकः** प्रत्येक नगर प्रहरीलाई जाडो मौसमको लागि पोशाक निःशुल्क दिइनेछ ।

५०. **तयारी पोशाक वितरण गर्न नसकिएमा दिने सुविधाः** नगर प्रहरीहरुलाई तोके बमोजिम सिलाई ज्याला दिइनेछ ।

५१. **नगर प्रहरीको पोशाक सट्टा भर्नाः** नगर प्रहरीहरुलाई निजहरुको मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा नगर प्रहरी प्रमुखले पेश गरे बमोजिम सट्टा गरी नयाँ दिइनेछ ।

५२. **चाडपर्व खर्च पाउनेः** नगर प्रहरीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछन् ।